# मर्चवारी गाउँपालिकाको विनियोजन ऐन २०७४

**मर्चवारी मर्चवारी .गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**सभाबाट स्वीकृत मितिः..............................**

**प्रस्तावनाः मर्चवारी** गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मर्चवारी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " मर्चवारी गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२७१०३२७७३/७४(अक्षेरुपी सत्ताईस करोड दश लाख वत्तिस हजार सात सय त्रिहत्तर रुपैया चौहत्तर पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामाजिक सुरक्षको लागि नेपाल सरकार बाट प्राप्त हुने रकम, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समान्वय समिति, विषयतगत कार्यालयहरु तथा अन्य निकाय बाट प्राप्त हुन आएको अन्य रकम संचित कोषमा जम्मा गरी नियमानुसार खर्च गर्न बाधा पर्ने छैन ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त मर्चवारी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ । विनियोजित रकम अनुसुची हरुमा उल्लेख भए अनुसार हुनेछ ।

४. खर्च स्वीकृत : आ.व.०७४/०७५ मा हालसम्म गरिएको वित्तिय समानीकरण र सशर्त अनुदान खर्च यसै बमोजिम भए गरेको मानिनेछ ।

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही ५ नं. प्रदेश, नेपाल २०७३

श्याम कृष्ण पौडेल प्रमुख प्रशासकीय अधिकृत

केशव नन्द वनिया गाउँपालिका अध्यक्ष